# आरुघाट गाउँपालिका

# स्थानीय राजपत्र

भाग-२ खण्ड: ६ संख्या :९

**पारित भएको मिति: २०८२/०२/०४**

**प्रकाशन मिति: २०८२/०२/०५**

# स्वास्थ्य बीमा संयोजक समिति गठन /संचालन कार्यविधि २०८२

## आरुघाट गाउँपालिका, गोरखा

## " स्वास्थ्य बीमा संयोजक समिति गठन /संचालन कार्यविधि २०८२"

### प्रस्तावना

स्वास्थ्य बीमा नियमावली ,२०७५ को दफा २४ मा प्रत्येक स्थानीय तहमा स्वास्थ्य बीमा सम्बन्धी कार्यक्रम कार्यावन्यन गर्न सहजीकरण गर्ने लगायतका कार्य गर्नको लागि स्थानीय सरकारले तोके बमोजिमको एक स्थानीय तह स्वास्थ्य बीमा संयोजक समिति रहनेछ भन्ने व्यवस्थालाई कार्यान्वयन ल्याउन वान्छानीय भएकोले स्वास्थ्य बीमा ऐन,२०७४ को दफा ४१ तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरि आरुघाट गाउँपालिका कार्यपालिकाको मिति २०८२/०२/०४ को निर्णयले **"स्वास्थ्य बीमा संयोजक समिति गठन/संचालन कार्यविधि २०८२"** स्वीकृत गरी जारी गरिएको छ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

**१.संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम आरुघाट गाउँपालिकाको "**स्वास्थ्य बीमा संयोजक समिति गठन /संचालन कार्यविधि २०८२**" रहेको छ ।

(ख) यो कार्यविधि गाउँपालिकाको कार्यपालिकावाट पारित भएको मिति देखि लागु हुने छ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -**

(क) **"ऐन"** भन्नाले स्वास्थ्य बीमा बोर्ड ऐन ,२०७४ सम्झनु पर्छ ।

(ख) **"अस्पताल"** भन्नाले आरुघाट गाउँपालिकाले संचालन गरेको आधारभुत अस्पताललाई स्वास्थ्य वीमा कार्यक्रम को प्रथम केन्द्र बिन्दु सम्झनुपर्छ।

(ग) **"नियामावली "** भन्नाले स्वास्थ्य बीमा बोर्ड नियमावली ,२०७५ लाई सम्झनुपर्छ ।

(घ) **"कार्यपालिका"** भन्नाले आरुघाट गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(ङ) **"बोर्ड"** भन्नाले स्वास्थ्य बीमा बोर्ड सम्झनुपर्छ ।

(च) संयोजक समिति भन्नाले नियम २६ बमोजिम आरुघाट गाउँपालिकाले गठन गरेको स्वास्थ्य बीमा संयोजक समिति सम्झनु पर्छ ।

परिच्छेद २

समितिको गठन

(छ) संयोजक समिति गठन : (१) नियम २६ बमोजिम पालिकामा स्वास्थ्य बीमा कार्यक्रमलाई संयोजक गर्न देहाय बमोजिमको पालिका स्तरिय स्थानीय तह स्वास्थ्य बीमा संयोजक समिति रहने छ ।

(क) प्रमुख/अध्यक्ष ,गाउँपालिका —संयोजक

(ख) अध्यक्षले मनोनयन गरेको बढी जनसंख्या भएका कुनै एक वडाका अध्यक्ष —सदस्य

(ग) अध्यक्षले मनोनित गरेको प्रतिनिधि ,सेवा प्रदायक संस्था प्रमुख /अध्यक्षले मनोनयन गरेको स्वास्थ्य क्षेत्रको अनुभव — सदस्य

(घ) हासिल गरेका एक र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सहित दुइ जना-सदस्य

(ङ ) शाखा प्रमुख ,स्वास्थ्य विषय हेर्ने — सदस्य
(च) दर्ता अधिकारि स्वास्थ्य बीमा बोर्ड ,आरुघाट गा.पा —सदस्य
(छ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत _ सदस्य सचिव

(२) संयोजक समितिको बैठक आवश्यकता अनुसार बर्षको कम्तिमा चार पथक बस्नेछ ।
(३) सदस्य सचिवले बैठकको कार्यसुचि संयोजकको स्वीकृतमा तय गर्नु पर्नेछ ।
(४) संयोजकले तोकेको समय र स्थानमा बैठक बस्नेछ ।
(५) बैठकमा कुनै खास विषय बिज्ञ वा पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।
(६) सदस्यहरुलाई बैठक वस्ने जानकारी र वैठकमा पेश हुने कार्यसुचि सामान्यतया तीन दिन अधि दिनु पर्नेछ तर कुनै खास विषयमा चौबिस घन्टा अघि जानकारी दिई बैठक वस्न वाधा पर्ने छैन ।
(७) वैठकको निर्णय बहुमतबाट हुनेछ र सदस्य सचिवले बैठकको निर्णय प्रमाणित गर्नेछन् ।
(८) वैठक बसेको दिनमा पदाधिकारीले प्रचलित नियम बमोजिमको बैठक भत्ता पाउनेछन् ।
(९) सचिवालयको काम सम्बन्धित पालिकाको कार्यालयले गर्नेछ ।

३ काम ,कर्तव्य र अधिकार : संयोजक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :
(क) पालिकाको क्षेत्रभित्र कार्यक्रम विस्तार गर्न प्रवर्धनात्मक कार्यमा सहयोग गर्ने ,
(ख) पालिका अन्तर्गतका सरकारी, सार्वजनिक संस्थाहरुको कर्मचारी र परिवारलाई स्वास्थ्य बीमाको दायरामा ल्याउन नियामावलीले तोके बमोजिम प्रिमियमको व्यवस्था गरी कार्यक्रममा आवद्ध गर्ने ,
(ग) अति गरिव परिवारलाई कार्यक्रममा आवद्ध गर्न पालिका र बोर्डबीच समझारी गर्ने,
(घ) नसर्ने रोगको लागि कार्यक्रमले दिई आएको सुबिधा उपलब्ध गराउन वा वृद्धि गर्न बोर्डसंग साझेदारी गर्ने ,
(ङ) कार्यक्रमगत रुपमा बोर्डलाई सशर्त अनुदान उपलब्ध गराउन सक्ने ,
(च) पालिका अन्तर्गत रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको सेवाको गुणस्तर वृद्धि गर्ने गराउने,
(छ) बीमाबाट प्रदान गरिने औषधिहरु पालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट संचालित फार्मेसीमा उपलब्ध हुने व्यवस्थामा सहयोग गर्ने गराउने ,
(ज) स्वास्थ्य संस्थाहरुमा चिकित्सकको उपलब्धता हुने व्यवस्था गर्ने ,गराउने ,
(झ) स्वास्थ्य संस्थाहरुमा उपकरण ,प्रयोगशाला सेवामा निरन्तता ,स्तरोन्नति र पूर्वाधार अभिवृद्धिमा सहयोग गर्ने ,
(ञ) कार्यक्रम प्रवर्धनका सन्दर्भमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ,प्रदेश र बोर्डसंग समन्वय गर्ने,
(ट) संयोजक समितिले आवश्यक देखेका बीमा कार्यक्रमसंग सम्बन्धित अन्य विषयहरु ।

४.बजेटः स्वास्थ्य बीमा संयोजकको सचिवालय संचालनको लागि आवश्यक खर्चको व्यवस्था पालिकाले गर्न सक्नेछ ।

परिच्छेद ३

विविध

५ कार्यविधिमा संशोधन : पालिकाले यस कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ ।

६. बाधा अड्काउ फुकाउने अधिकार : यो कार्यविधि कार्यावन्यन गर्न कुनै बाधा अडचन पर्न आएमा पालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

७ प्रचलित कानून बमोजिम हुने : यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम हुनेछ ।यस कार्यविधिमा लेखिएको कुनै विषय प्रचलित कानूनसंग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

आज्ञाले,

प्रमुख प्रशासकिय अधिकृत